# जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल (वाफेड)

Water and Energy Users' Federation Nepal (WAFED)

फोन: ४४२८७४१ [illegible] इमेल: wafed@ntc.net.np


प्रेस विज्ञप्ति

भदौ ३०, २०६०

## नेपाल विद्युत प्राधिकरणविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता

आज कालीगण्डकी ए प्रभावित क्षेत्र सरोकार समितिको अध्यक्ष तथा जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपालको सदस्य जिल्ला स्याङ्जा कृष्णगण्डकी गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ४६ को वेदप्रकाश भट्टराईका तर्फबाट नेपाल विद्युत प्राधिकरण तथा सञ्चालक समितिसमेतका विरुद्ध सर्वोच्च अदालतमा एक रिट निवेदन ( निवेदन नम्बर २८७८) दर्ता भयो। यस मुद्दामा कालीगण्डकी ए आयोजना निर्माण गर्नेमध्येको एक मुख्य इम्प्रेजिलो कम्पनीलाई अनियमित एवं गैरकानुनी रुपमा सञ्चालक समिति तथा सरकारको निर्णयविना ४ अर्ब ८५ करोड रुपैयाँ भुक्तानी गरिएको कार्य बदर गरी पाउन माग गरिएको छ। प्राधिकरणको यस्तो कार्य श्री ५ को सरकारको आर्थिक प्रशासनसम्बन्धी नियम, २०५६ को नियम ३४, ६३ र ६४ तथा नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०५३ को नियम ५.६ र ५.२१ को विपरित भएको दाबी गरिएको छ। यी कानुनी व्यवस्थाअनुसार प्राधिकरणले एक लाख रुपैयाँभन्दा बढी रकम खर्च गर्दा टेण्डर ठेक्का आदि गरेको हुनुपर्ने तथा भइरहेको ठेक्का करारको रकममा फेरबदल गर्नुपर्ने भए २० प्रतिशतको सीमाभित्र सीमित रहनुपर्ने व्यवस्था छ। स्मरण रहोस्, प्राधिकरणले इम्प्रेजिलोलाई सुरु ठेक्का ७ अर्ब ३५ करोड ४ लाख ४६ हजारमा दिएर पछि कथित भेरिएसनमार्फत थप ४ अर्ब ८५ करोड रुपैयाँ रकम भुक्तान गरिसकेको छ भने अरु रकम पनि विवादमा रहेको छ। यस मुद्दाको प्रारम्भिक सुनुवाइ भोली ३१ गते हुनेछ।

यस मुद्दामा सर्वोच्च अदालतसमक्ष निम्नबमोजिम माग गरिएको छ:

(क) श्री ५ को सरकारका प्रचलित आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक प्रशासनसम्बन्धी नियमहरु, २०५६ एवं नेपाल विद्युत प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०५३ को विपरित विपक्षी नेपाल विद्युत प्राधिकरणले विपक्षीमध्येको इम्प्रेजिलो कम्पनीलाई विना प्रतिष्पर्धा भेरिएसन आदेशबाट ४ अर्ब ८५ करोड रुपैयाँ भुक्तानी दिएकोमा सोसम्बन्धी कायदिश तथा भुक्तानीलाई नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिबाट कुनै पनि बखत सदर गर्ने पूर्ण आशंका रहेको हुँदा त्यस्तो अधिकारक्षेत्रको अभावमा हुने कुनै पनि गैरकानुनी कार्य नगर्नु नगराउनु तथा ठेक्का सम्झौतामा कबुल गरिएको भन्दा बढी रकम हाललाई कुनै पनि कम्पनीलाई भुक्तानी नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा प्रतिषेधको आदेश जारी गरी पाउँ।

(ख) माथि उल्लेख भएबमोजिम कालीगण्डकी ए आयोजनाको ठेक्का सम्झौतामा उल्लिखित रकमभन्दा बढी रकम विपक्षी इम्प्रेजिलो कम्पनीलाई भुक्तानी हुने गरी ठेक्का भेरिएसन आदेश र सोबमोजिम भुक्तानी दिने भनी भएगरिएका जे जति निर्णय र कामकारबाहीहरु छन् ती सबै विपक्षीहरुबाट झिकीबुझी मिसिलसामेल राखी त्यस्ता निर्णय तथा कामकारबाहीहरु उत्प्रेषणको आदेशले बदर गरी पाउँ।

(ग) कालीगण्डकी ए आयोजना सँग सम्बन्धित सम्पूर्ण सूचना, कागजपत्र, ऋण तथा ठेक्का सम्झौतापत्र, करार, भेरिएसन आदेश आदि संविधानको धारा १६ बमोजिम निवेदकलाई दिनुदिलाउनु भन्ने परमादेशको आदेश जारी गरी पाउँ। साथै हाल यस्ता अरु पनि निर्माणसम्बन्धी आयोजनाहरुमा हुने अनियमितत एवं गैरकानुनी कार्यहरुबाट राष्टलाई ठूलाठूला नोक्सानीहरु भइरहेको भन्ने जनगुनासो र समाचारहरु प्रकाशित हुनगरेको सन्दर्भमा भविष्यमा यस्तो हुननदिन तथा निर्माणसम्बन्धी सबै कार्यहरुमा एकरुपता कायम गर्न आर्थिक प्रशासनसम्बन्धी नियम, २०५६ को नियम ६२ बमोजिम सार्वजनिक निर्माण, परामर्श सेवा आदि कार्यसम्बन्धी निर्देशिका बनाई यथाशिघ्र लागू गर्नु गराउनु भनी विपक्षी श्री ५ को सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी पाउँ।

(घ) विपक्षी नेपाल विद्युत प्राधिकरण तथा सम्बन्धित सञ्चालक समितिले भेरिएसन आदेश र सोबमोजिम इम्प्रेजिलो कम्पनीलाई दिइसकेको भुक्तानी सदर गर्न लागिरहेको तथा थप भुक्तानी पनि दिनसक्ने संभावना प्रवल रहेको जानकारी प्राप्त भएको हुनाले यस्तो कार्य भएको खण्डमा त्यसबाट अपूरणीय क्षति हुने निश्चित भएकोले सर्वोच्च अदालत नियमावली, २०४८ को नियम ४१(१) बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेशसमेत जारी गरी पाउँ।

यस मुद्दामा नेपाल विद्युत प्राधिकरण र सञ्चालक समितिलगायत इम्प्रेजिलो कम्पनी, उक्त कम्पनीका स्थानीय एजेन्ट मोहनगोपाल खेतान, सम्माननीय प्रधानमन्त्री तथा जलस्रोत मन्त्री सूर्यबहादुर थापा, मन्त्रीपरिषद्, अर्थ सचिव र जलस्रोत सचिवलाई विपक्षी बनाइएको छ।

यसैबीच हिजो भदौ २८ गतेका दिन महासंघका सदस्यको तर्फबाट नेपाल विद्युत प्राधिकरणका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी दर्ता गरिएको छ। महासंघकै अनुरोधमा अहिले ऋण लगानी गर्ने मुख्य संस्था एसियाली विकास बैंकको छानबिन टोली पनि कालीगण्डकीमा अध्ययनरत छ।

रतन भण्डारी